# चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
# राष्ट्रिय ट्रमा सेन्टर
# काठमाण्डा

## अस्पताल फार्मेसी संचालन गर्न आगामी आ.व. २०७४।०७५ को लागि औषधि तथा औषधीजन्य सामग्री आपूर्तिको सिलवन्दी दरभाउ आहावान सम्वन्धि प्रस्ताब पेश गर्ने सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४/३/३०**

१) यस राष्ट्रिय ट्रमा सेन्टर, काठमाण्डौको सहुलियत दरको अस्पताल फार्मेशी संचालनको लागि दरभाउपत्र भित्र संलग्न सूचि अनुसार आगामी आ.व. २०७४।२०७५ का लागि औषधीहरुको मूल्य **सिलवन्दी दरभाउपत्रका माध्यमबाट लिनु पर्ने भएकोले** इच्छुक Manufacturing कम्पनी वा Super Dealers वा supplier बाट यो सिलबन्दी **दरभाउपत्र** आव्हान गरिएको छ ।

२) यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २०७४/४/१२ गते १४ औं दिनको कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा तथा मू.अ.कर, आ.व. (०७२/०७३ को ) करचुक्ताको प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपि औषधीजन्य मालसामानको दररेट उपलब्ध गराउने काममा रु.१०००।- रकम (फिर्ता नहुने) नगदै दाखिला गरी वा यस अस्पतालको रा.वा. वैंक भोटाहिटी शाखाको चल्ती खाता नं १३६०००२८२८०१ जम्मा गरेको रकमको सक्कलै भौचर समेत संलग्न राखी अस्पतालको खरिद ईकाई /प्रशासन शाखामा दरभाउपत्र खरिदको लागि निवेदन दिनुपर्ने छ ।

३) दरभाउपत्रदाताले आफुले दाखिला गर्ने सिलबन्दी दरभाउपत्र मिति २०७४/४/१३ गते १२:०० वजेभित्र प्रस्तावित खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाक्षिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित रुपमा स्वः घोषणा गरेको कागजातहरुको सक्कल प्रति अनिवार्य संलग्न गर्नु पर्नेछ । तथा सोही दिनको २:०० बजेभित्र उपरोक्त उल्लेखित कागजातहरु को अतिरिक्त सि.नं.१ मा उल्लेखित कागजातहरुको सक्कल तथा प्रमाणित कागजातहरु यस अस्पतालको सम्बन्धित कामको Bidding Document समेतमा दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस अस्पतालमा अनिवार्य दर्ता गराई सक्नुपर्नेछ । उपरोक्त वमोजिम नभएको दरभाउपत्र उपर कारवाही गरिने छैन ।

४) सिलबन्दी दरभाउपत्रदाताले ले आफुले प्रस्ताबित गरेको सिलबन्दी दरभाउपत्रमा कुनै संसोधन वा फिर्ता गर्न चाहेमा सो व्यहोराको पत्र लेखी Power of Attorney तोकी लिखित रुपमा सिलवन्दी गरी सम्वन्धित कम्पनीको सहि छाप लगाई सिलवन्दी दरभाउपत्र खोलिने दिनको २.०० वजे भित्र अनिवार्य निवेदन दर्ता गरिसक्नु पर्नेछ । उक्त समयभित्र दर्ता नभएको सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातउपर कुनै कारवाही गरिने छैन ।

५) दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खोलेको दिन र सोही समयमा हुनेछ । दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको २:०० वजे दरभाउपत्रदाता वा वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्नेछैन ।

६) सिलवन्दी दरभाउपत्रदाताले BOQ को लिष्टमा उल्लेखित आईटमहरुमा MRP भएका सामानको MRP दररेट, आप्नो कम्पनीले दिने प्रस्ताबित दररेट अनिवार्य रुपमा भर्नु पर्नेछ र दररेट उल्लेख गर्दा मु.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । छनौट हुने औषधी Department वा Drug Administration मा दर्ता तथा नविकरण भएको कर चुक्ता प्रमाणपत्र पाएको, WHO-GMP certified Company बाट हुनुपर्ने छ र आवश्यकता अनुसार WHO/GMP/ISO / FDA प्रमाणीत भएको प्रमाण समेत पेश गर्नुपर्नेछ ।

७) एक कम्पनीको नाममा खरिद गरिएको सिलवन्दी दरभाउपत्र फाराम अर्को कम्पनीको नामबाट दाखिला गर्न पाइनेछैन । सबै औषधी तथा औषधीजन्य सामानहरु दर्तावाला कम्पनीबाट हुनुपर्नेछ । दरभाउपत्रदाताले सामानको ब्राण्ड नाम, Manufacturing company भएका सामानको MRP मूल्य र प्रत्येकको (MRP) र Institutional Rate अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ र सो को मूल्य नेपाली मूद्रामा उल्लेख गर्नुपर्नेछ ।

८) खरिद हुने सामानहरुको म्याद कम्तीमा १८ महिना वा Manufacturing date बाट Expiry date कम्तीमा ८०% बाँकी हुदाँ स्टोरमा दाखिला हुनु पर्नेछ । सो भन्दा घटी भएका सामानहरु सडेगलेका, टुटफुट भएका, म्याद नाघेका, कमसल आदि सामानहरु कुनै हालतमा पनि अस्पतालले बुझिलिने छैन । मौज्दातमा बाँकी रहेका सामग्रीहरु expire हुन ३ महिना बाँकी हुँदा फिर्ता लिई सोही मूल्य बराबरको Replace बुझाईदिनु पर्नेछ ।

९) औषधीको गुणस्तरमा कुनै शंका लागेमा दरभाउपत्रदाताले आफ्नै खर्चले गुणस्तर परिक्षण गनुपर्ने छ । आपूर्ति गरिने सामानहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, expiry मिति, ब्याच नम्बर प्रष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ । आवश्यक परेमा नमूना माग गरिनेछ । सूचीमा उल्लेख भएका सामानहरुको quality check Technical Committee ले Individual evaluation गर्नेछ र ती रेट ,ब्रान्ड, कम्पनी Technical Committee ले सिफारिस गरेको मात्र हुनेछ ।

१०) सूचीमा दरभाउपत्रको लागि जति किसिमका सामानहरु उल्लेख भएता पनि अस्पतालले आफ्नो आवश्यकता अनुसार औषधी र तिनका परिमाणहरु माग गर्ने छ । यो सूचनामा उल्लेखित कागजात संलग्न नभएको, रीत नपुगेको, म्याद नाघी वा कुनै शर्त राखेको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । सिलबन्दी दरभाउपत्रमा Super Dealer वा Manufacturing Company वा supplier समेतले भाग लिन पाउने छन् ।

११) सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक आइटम मात्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ । जुन जुन कम्पनिको आईटमवाइज दर रेट स्वीकृत भयो सोही अनुसार औषधी तथा औषधीजन्य सामानहरु खरिद कार्य अघि बढाईने छ ।

१२) सिलबन्दी दरभाउपत्र पेश गर्दा आफूलाई दरभाउपत्र पार्ने नियतले कतिपय आइटमको दररेट अस्वभाबिकरुपमा घटी कबोल गरी दरभाउपत्र पार्ने तर सामान आपूर्तिमा ढिलासुस्त गर्ने प्रबृति देखिएकोले अस्पतालले सामग्रीहरुको आईटमवाइजरुपमा मात्र मूल्यांकन गरी दरभाउपत्रको प्रस्ताब स्वीकृत गर्ने र सो अनुसार आपूर्ति नगर्ने प्रस्ताबक ( दरभाउपत्रदाता ) लाई नियमानुसार कानूनी कारबाहीको प्रक्रिया अघि बढाईने छ ।

१३) यो सूचनामा उल्लेख हुन छुट भएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम कानून अनुसार हुनेछ ।

१४) थप विस्तृत जानकारी यस अस्पतालको खरिद ईकाईमा सम्पर्क गर्न सकिने छ । साथै यो सूचना यस अस्पतालको website **www.nationaltraumacenter.gov.np** मा पनि हेर्न सकिने छ ।

१५) दरभाउपत्र सम्बन्धी केही कुरा थपघट संशोधन भएमा अस्पतालको सूचना पाटीमा टाँस गरी जानकारी गराईने छ